# बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## डेढगाउँ, नवलपरासी(ब.सु.पू.)

## गण्डकी प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सुचना

(प्रथम पटक सुचना प्रकाशित मिति २०७७/०८/१९)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) समेतमा भएको व्यवस्था, प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन,गण्डकी प्रदेशको सरकारको ढुंगा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संञ्चालनलाई व्यवस्थापन गर्ने कार्यबिधि २०७५ मा भएको व्यवस्था तथा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ र बौदीकाली गाउँ कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्बन्धी काम आ.व. २०७७/७८ को लागि ठेक्का द्धारा गराउन यो सुचना प्रकाशित गरिएको छ। सुचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र सिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको योजना शाखा (९८४५४२१२७५/९८५५०२१२७५) मा सम्पर्क राख्न सकिने छ।

| आय ठेक्का नं. | आय ठेक्काको विवरण | आर्थिक वर्ष २०७७/७८ का लागि कायम भएको न्युनतम अङ्क (कर र मु.अ.क. बाहेक) | संकलन/उत्खनन गर्न पाउने अधिकतम परिमाण (बार्षिक) | संकलन/उत्खनन दर (वातावरण शुल्क सहित) प्रति क्यु.फिट | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| BRMNP/077-78/02 | बौदीकाली गाउँपालिका, ३ नं. वडा क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी किनार अन्तर्गत खैरेनीघाट क्षेत्र (IEE मा उल्लेखित सीमा भित्रवाट संकलन/उत्खनन शुल्क) | रु. ८०३४०९५/- (असी लाख चौतिस हजार पन्चानब्बे रुपैया मात्र) | ११४७७२८ क्यु.फि. | रु. ७ | रु. ३०००/- | रु. ४०१७०५/- (चार लाख एक हजार सात सय पाँच मात्र) |
| BRMNP/077-78/03 | बौदीकाली गाउँपालिका, २ नं. वडा क्षेत्राधिकार भित्र पर्ने कालीगण्डकी नदी किनार अन्तर्गत खर्सानघाट क्षेत्र (IEE मा उल्लेखित सीमाभित्रवाट संकलन/उत्खनन शुल्क) | रु. ५९३२८७०/- (उनान्साठी लाख बत्तिस हजार आठ सय सत्तरी मात्र) | ८४७५५२१८ क्यु.फि. | रु. ७ | रु. ३०००/- | रु. २९६६४५/- ( दुई लाख छ्यानब्बे हजार छय पैतालिस मात्र) |

**ठेक्का सम्बन्धी शर्तहरुः**

१. उल्लेखित ठेक्काहरुको लागि प्रत्येक आय ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम छुट्टाछुट्टै पेश गर्नुपर्नेछ।

२. ठेक्का अवधि आ.व.२०७७/७८ को जेष्ठ मसान्त सम्म रहने छ। बन्द, हडताल, प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमले क्षतिपुर्ती दाबी गर्न पाइने छैन। प्रारम्भिक वातावरणीय प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन। तर अनुमती लिई तोकिएको स्थानमा घाटगद्धी गरी राखिएको मौज्दात सामाग्री नियमानुसार बिक्री तथा निकासी गर्न सकिनेछ।

३. ठेक्का लिने फर्मले कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) र (१.५ प्रतिशत) अग्रिम आयकर सम्बन्धीत करदाता सेवा कार्यालयको राजश्व खातामा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

४. धरौटी बापतको रकम यस कार्यालयमा नगदै रसिद मार्फत वा यस कार्यालयको ग्लोबल आईएमई बैक लि., डेढगाउँ शाखामा रहेको धरौटी खाता नं. T104010000001 (ग.३ धरौटी बौदीकाली) मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैक जमानत (विड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ, धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिनेछैन र उक्त बैक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. बोलपत्र फारम नियमानुसारको राजश्व रकम तिरी बौदीकाली गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँको योजना शाखाबाट खरिद गरी पेश गर्न सकिनेछ।

६. बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन , साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

७. ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२।०० बजे भित्र यस कार्यालयमा सिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिन दिनको २।०० बजे बौदीकाली गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

८. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने , खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

९. कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मू.अ. कर र अग्रिम आयकर सहितको रकम ठेक्का अवधि सम्मका लागी नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त (क) वर्गका वाणिज्य बैकको तोकिए बमोजिमको जमानत ( परफरममेन्स बण्ड ) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ ।

१०. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको ७ दिन भित्र | कबोल अँकको ७५ प्रतिशतले हुन आउने रकम |
| दोश्रो | २०७७ चैत्र मसान्त भित्र | कबोल अँकको २५ प्रतिशतले हुन आउने रकम |

११. जमानत बापत बोलपत्रमा आफुले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१२. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । किस्ता रकम तोकिएको समयमा नबुझाएमा क' वर्गको बैँकबाट जारी गरि पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकदारले कुनै पनि किसिमको हर्जना दाबी गर्न पाउने छैन ।

१३. प्रचलित ऐन, कानुन, नियम, सम्झौता र सुचनाको सर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१४. बौदीकाली गाउँपालिकाको नदी,नालाबाट ढुंगा,गिटी,बालुवा उत्खनन् तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पुल र झोलुङ्गे पुल वा गाउँपालिकाले प्रतिबन्ध लगाएको क्षेत्रको तल ५०० मि. र माथी ५०० मि. क्षेत्रबाट निमार्ण सामाग्री उत्खनन् तथा निकासी गर्न कानुनले पुर्ण रुपमा प्रतिबन्ध लगाएको हुदाँ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको क्षेत्रमा मात्र तोकिएको परिमाण उत्खनन् तथा निकासी गर्न पाईनेछ ।

१५. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा कार्यालयमा उपस्थित नभएमा कार्यालयको प्रतिनिधिको रोहरमा खोलिनेछ ।

१६. बोलपत्र पेश गर्दा पेश गर्ने व्यवसाय,फर्म वा कम्पनिको दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नंम्बर, मु.अ. कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संग्लन राखी पेश गर्नपर्नेछ । अन्यथा पेश भएको बोलपत्र फाराम अमान्य हुनेछ ।

१७. ढुंगा, गिटी, बालुवा, रोडा आदीको संकलन, उत्खनन् तथा निकासीको सम्बन्धमा जिल्ला स्तरिय अनुगमन समिति तथा बौदीकाली गाउँपालिकाको कार्यालयले दिएका सुझाब तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१८. ढुंगा, गिटी, बालुवा, रोडा आदीको उपयोगमा स्थानीय आवश्यकता र स्थानीय तहको मागलाई पहिलो प्राथमिकता दिनुपर्ने छ ।

१९. विगतका आय सम्बन्धि ठेक्कामा गाउँपालिकालाई बुझाउनुपर्ने राजश्व नबुझाएको वा बक्यौता रहेको फर्म वा कम्पनीले प्रस्ताव पेश गर्न पाउने छैन ।

२०. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ । उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ । ठेक्कामा कुनै विवाद भएमा गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

(प्रमुख प्रशासकीय अधिकृत)

प्रदिपचन्द्र सुवेदी
प्रमुख प्रशासकीय अधिकृत